# अध्ययनको दायरामा पर्ने व्यक्तिहरूको लागि

# "जापानमा बसोबास गर्ने विदेशी नागरिकहरूको भाषाको समस्याको कारण चिकित्सा पहुँचका कठिनाइहरू र स्वास्थ्य असमानतासँग सम्बन्धित क्रस सेक्सनल अध्ययन" को बारेमा व्याख्या

दोस्रो संस्करण

बनाएको मिति: 2024 साल डिसेम्बर 17 तारिख

ज्युन्तेन्दो विश्वविद्यालय स्नातकोत्तर चिकित्सा अध्ययन विभाग

ग्लोबल हेल्थ रिसर्च ल्याब्रोटरी

अध्ययन जिम्मेवार व्यक्ति: मोतोयुकी युआसा

## 1. परिचय

यो अध्ययनको लागि ज्युन्तेन्दो विश्वविद्यालयको चिकित्सा संकाय चिकित्सा अध्ययन नैतिकता परिषद्को छलफलको आधारमा अध्ययन निकायको प्रमुखबाट अनुमति प्राप्त गरिएको छ। अध्ययनमा सहभागी हुने वा नहुने भन्ने कुरा तपाईंको स्वतन्त्र विचार अनुसार निर्णय गर्नुहोस्। सहभागी नभए तापनि तपाईंलाई बेफाइदा हुनेछैन।

बुझ्न गाह्रो हुने व्याख्याहरू भएका ठाउँहरू पनि हुन सक्छन्। नबुझेको कुरा वा चिन्ता लागेको कुराबारे अध्ययनसँग सम्बन्धित व्यक्तिलाई सोध्नुहोस्।

## 2. यो अध्ययनको उद्देश्य

यो अध्ययनमा जापानमा बसोबास गर्ने मातृभाषा जापानी भाषा नभएका व्यक्तिहरूलाई जापानको चिकित्सामा पहुँच, स्वास्थ्य प्रतिको सचेतता, जापानको दैनिक जीवन आदिको बारेमा प्रश्न गरिन्छ।
यो अध्ययनको उद्देश्य राम्रोसँग जापानी भाषा बोल्न नसक्ने मान्छेहरूलाई अस्पतालमा जान कत्तिको गाह्रो छ, स्वास्थ्य असमानता छ वा छैन, के गरेमा अस्पतालमा जान सजिलो हुन्छ भन्ने कुरा देखाउनु हो। यो अध्ययन मार्फत हामीले सबैजना ढुक्क भएर अस्पतालमा जान सक्ने समाज निर्माणमा योगदान पुऱ्याउने कुरा लक्ष्य राखेका छौं।

## 3. यो अध्ययनको विधि

प्रश्नावली सर्वेक्षण र अन्तर्वार्ता सर्वेक्षण गरिनेछ।

प्रश्नावली सर्वेक्षणमा जवाफ दिनुभएका व्यक्तिहरू मध्येबाट अन्तर्वार्तामा सहयोग गर्न सक्ने केही व्यक्तिलाई लक्षित गरी अन्तर्वार्ता सर्वेक्षण गरिनेछ। प्रश्नावलीमा दिइएको जवाफहरूको बारेमा 6~7 जनाको समूहमा, हरेक व्यक्तिको अनुभव र विचारहरू अझ अलि विस्तृत रूपमा भन्न लगाइनेछ।

## 4. यो अध्ययनको दायरामा पर्ने व्यक्तिको बारेमा

तलका सबैमा "हजुर" भनेर जवाफ दिनुभएको व्यक्तिहरू यो अध्ययनमा सहभागी हुन सक्नुहुनेछ।
(1)18 वर्ष वा सोभन्दा बढीको व्यक्ति
(2)मातृभाषा जापानी भाषा नभएका व्यक्ति
(3)जापानमा बसोबास गरिरहेको व्यक्ति

## 5. यो अध्ययनको लागि योजना गरिएको सहभागी संख्याको बारेमा

यो अध्ययन, अध्ययन कार्यान्वयन अनुमति मितिदेखि 2027 साल मार्च 31 तारिखको अवधि भित्र कार्यान्वयन गरिनेछ। प्रश्नावली सर्वेक्षणमा 500 जना र अन्तर्वार्ता सर्वेक्षणमा 5~6 समूह (कुल 30~42 जना) का व्यक्तिहरूलाई सहभागी हुन अनुरोध गर्ने योजना रहेको छ।

## 6. यो अध्ययनमा सहभागी हुँदाका अपेक्षित फाइदाहरू र सम्भावित बेफाइदा

**<अपेक्षित फाइदाहरू>**

सहभागी हुने व्यक्तिलाई प्रत्यक्ष रूपमा फाइदा हुँदैन। तर अध्ययनको निष्कर्षले भविष्यमा जापानमा बसोबास गर्ने मातृभाषा जापानी भाषा नभएको व्यक्तिहरूलाई सजिलै अस्पतालमा जान सक्ने बनाउने कुरामा योगदान पुऱ्याउन सक्छ।

**<सम्भावित बेफाइदा>**

यो अध्ययनमा सहभागी हुने व्यक्तिलाई कुनै पनि बेफाइदा हुँदैन।

## 7. यो अध्ययनको क्रममा तपाईंको स्वास्थ्यमा हानि भएको अवस्थाको बारेमा

यो अध्ययनको कारण सहभागी भएको व्यक्तिको स्वास्थ्यमा कुनै पनि हानि हुनेछैन।

## 8. अध्ययनमा स्वैच्छिक सहभागिताको बारेमा

यो अध्ययनमा सहभागी हुने वा नहुने भन्ने कुरा तपाईंको स्वतन्त्र विचार अनुसार निर्णय गर्नुहोस्। अध्ययनमा सहभागी हुने कुरासँग सहमत नभए तापनि, अथवा बीचमा सहभागिता छोडे पनि तपाईंलाई कुनै पनि बेफाइदा हुनेछैन।

(1) प्रश्नावली सर्वेक्षणमा सहभागी हुने व्यक्तिहरू
प्रश्नावलीको बीचमा जवाफ दिन मन नलागेको खण्डमा, जवाफ दिन छोडे पनि हुन्छ।

(2) अन्तर्वार्ता सर्वेक्षणमा सहभागी हुने व्यक्तिहरू
अन्तर्वार्ता सर्वेक्षणमा सहभागी हुने कुरासँग सहमत भए पछि, अन्तर्वार्ता सुरु हुने बेलासम्म तपाईंले आफ्नो सहमति फिर्ता लिन (सहभागिता छोड्न) सक्नुहुनेछ। साथै अन्तर्वार्ताको क्रममा तपाईंले जवाफ दिन नचाहेको बेला जवाफ नदिए पनि हुन्छ।

अध्ययनको रेकर्डको लागि अन्तर्वार्ताको अडियो र भिडियोको रेकर्ड गरिनेछ र फोटो खिचिनेछ। तपाईं यी कुराहरू जुनसुकै बेला पनि अस्वीकार गर्न सक्नुहुनेछ। अडियो र भिडियोको रेकर्ड गर्न र फोटो खिच्न अस्वीकार गरे पनि तपाईंलाई कुनै बेफाइदा हुनेछैन।

तर निम्न अवस्थाहरूमा हामी तपाईंबाट सङ्कलन गरिएको डाटा मेटाउन सक्नेछैनौं।
(1)व्यक्तिगत जानकारी सङ्कलन नगरिएको अवस्थामा
(2)सहमति फिर्ता लिएको मितिमा शोधपत्रको रूपमा प्रकाशित भइसकेको अवस्थामा
(3)पूर्ण रूपमा गुमनामीकरण गरिएर व्यक्तिको पहिचान गर्न नसकिने अवस्थामा

## 9. यो अध्ययनसँग सम्बन्धित जानकारी प्रदानको बारेमा

अन्तर्वार्ता सर्वेक्षणमा सहभागी हुने निर्णय गरेपछि तपाईंको सहभागी हुने विचारलाई असर पार्ने प्रकारको जानकारी भएको बेला हामीलाई तुरुन्तै जानकारी गराउनुहोस्।

## 10. व्यक्तिगत जानकारी आदिको ह्यान्डलिङको बारेमा

सङ्कलन गरेको जानकारी ह्यान्डल गर्दा हामी सर्वेक्षणमा सहभागी भएको व्यक्तिको व्यक्तिगत जानकारीसँग सम्बन्ध

नभएको अध्ययन प्रयोजनको ID प्रयोग गरेर व्यवस्थापन गरी सहभागी भएको व्यक्तिहरू गोपनीयताको संरक्षणमा पर्याप्त ध्यान दिनेछौं।

(1) प्रश्नावली सर्वेक्षणको बारेमा

कागजको प्रश्नावलीको जवाफलाई ज्युन्तेन्दो विश्वविद्यालय अन्तरविधात्मक अवधारणा (लिबरल आर्ट्स) संकायको अध्ययनकक्ष भित्र लक हुने लकरमा कडा सुरक्षाका साथ राखिनेछ। डाटामा बनाइएको अनलाइन प्रश्नावलीको जवाफ र कागजको प्रश्नावलीलाई पासवर्डले व्यवस्थापन गरिएको विश्वविद्यालयको क्लाउड स्टोरेजमा कडा सुरक्षाका साथ राखिनेछ।

प्रश्नावली सर्वेक्षणमा अन्तर्वार्ता सर्वेक्षणमा सहभागी हुन सक्ने व्यक्तिको सम्पर्क स्थान सोधिनेछ। यो सम्पर्क स्थान अन्तर्वार्ता सर्वेक्षण सम्बन्धी सम्पर्कको लागि मात्र प्रयोग गरिनेछ। साथै जवाफ दिएको व्यक्ति थाहा नहुने गरी प्रश्नावलीको जवाफको डाटाबाट सम्पर्क स्थान मेटेर नम्बरद्वारा व्यवस्थापन गरिनेछ।

अन्तर्वार्ता सर्वेक्षणमा सहभागी हुन सक्ने व्यक्तिहरूको लागि मात्र प्रश्नावलीको नम्बर र सम्पर्क स्थान लेखिएको सूची बनाइनेछ। यो सूचीलाई प्रश्नावलीको जवाफ भन्दा फरक पासवर्डले व्यवस्थापन गरिएको विश्वविद्यालयको क्लाउड स्टोरेजमा कडा सुरक्षाका साथ राखिनेछ। साथै यो सूची अन्तर्वार्ता सर्वेक्षणको लागि मात्र प्रयोग गरिनेछ।

(2) अन्तर्वार्ता सर्वेक्षणको बारेमा

अन्तर्वार्ताको विवरणलाई लिपिबद्ध गरिएको टेक्स्ट डाटामा सहभागीहरूको पहिचान नहुने गरी अज्ञात नामद्वारा प्रशोधन गरिनेछ।

भिडियो र अडियो डाटा तथा अन्तर्वार्ताको विवरणलाई लिपिबद्ध गरिएको कागजातको डाटालाई पासवर्डले व्यवस्थापन गरिएको विश्वविद्यालयको क्लाउड स्टोरेजमा कडा सुरक्षाका साथ राखिनेछ।

साथै "12. तपाईंको आर्थिक बोझको बारेमा" मा लेखिएको बोझ कम गर्ने खर्च (कृतज्ञताको प्रतीक) प्राप्त गर्नको लागि तपाईंको नाम, सम्पर्क स्थान जस्ता व्यक्तिगत जानकारी आवश्यक पर्नेछ। यो व्यक्तिगत जानकारी सर्वेक्षण विवरण भन्दा अलग्गै सोधिने छ र कृतज्ञताको प्रतीकको भुक्तानीको लागि मात्र प्रयोग गरिनेछ।

साथै अध्ययन समाप्त भएपछि प्रश्नावली सर्वेक्षण र अन्तर्वार्ता सर्वेक्षणद्वारा सङ्कलन गरिएको डाटा र कागजातहरू 10 वर्ष को अवधि भण्डारण गरेपछि नष्ट गरिनेछ। यो बेला व्यक्तिको पहिचान नहुने गरी पर्याप्त ध्यान दिइनेछ।

यो अध्ययनबाट प्राप्त भएको अध्ययनको निष्कर्ष सार्वजनिक स्वास्थ्य पत्रिकाहरू आदि प्रकाशित हुने अवस्थाहरू हुन सक्छन् तर तपाईंको नाम जस्ता व्यक्तिको पहिचान हुने जानकारी खुलासा गरिनेछैन।

## 11. अध्ययनमा सहभागी भएको अवस्थामा ध्यान दिनुपर्ने कुराहरूको बारेमा

सकेसम्म प्रश्नावली सर्वेक्षणका सबै प्रश्नहरूको जवाफ दिनुहोस्।

## 12. तपाईंको आर्थिक बोझको बारेमा

अध्ययनमा सहभागी हुन कुनै आर्थिक खर्च लाग्नेछैन।

प्रश्नावली सर्वेक्षण र अन्तर्वार्ता सर्वेक्षणमा सहभागी हुनुभएका व्यक्तिहरूले आफ्नो समय खर्च गर्नुपर्ने हुन्छ। तसर्थ प्रश्नावली सर्वेक्षणको सन्दर्भमा चाहनुहुने व्यक्तिलाई र अन्तर्वार्ता सर्वेक्षणमा सहभागी हुनुभएका सबैजनालाई बोझ कम

गर्ने खर्च (कृतज्ञताको प्रतीक) भुक्तानी गरिनेछ।

## 13. निहित स्वार्थको द्वन्द्वको बारेमा

यो अध्ययनको लागि विज्ञान प्रवर्द्धनको लागि जापान समाजको वैज्ञानिक अध्ययन खर्च (वैज्ञानिक अनुसन्धानका लागि अनुदान सहयोग) तथा अध्ययन अनुदान कोषको अनुदान प्राप्त गरिएको छ (प्रोजेक्ट नम्बर: 24KJ1981)। यी बाहेक अन्य कुनै पनि कम्पनीले रकम प्रदान (अध्ययनमा लाग्ने पैसा प्राप्त गर्ने कुरा) गरेका छैनन्।

अर्थात्, अध्ययनकर्ताद्वारा कम्पनीहरूबाट स्वतन्त्र भएर योजना गरी कार्यान्वयन गरिएको छ र अध्ययनको नतिजा तथा विश्लेषणमा कम्पनीहरूको आदिको कुनै पनि प्रभाव पर्नेछैन। यो सर्वेक्षणको अध्ययन जिम्मेवार व्यक्ति तथा अध्ययनकर्ताले "ज्युन्तेन्दो विश्वविद्यालय चिकित्सा अध्ययन निहित स्वार्थको द्वन्द्व व्यवस्थापन नियमावली" तथा "मानव लक्षित चिकित्सा अध्ययन सम्बन्धी निहित स्वार्थको द्वन्द्वसँग सम्बन्धित मानक सञ्चालन प्रक्रियापत्र" बमोजिम ज्युन्तेन्दो विश्वविद्यालय चिकित्सा संकाय चिकित्सा अध्ययन निहित स्वार्थको द्वन्द्व व्यवस्थापन समितिलाई आवश्यक कागजातहरू पेस गरेका छन् र त्यसको समीक्षा गरिएको छ। साथै यो सर्वेक्षणको नतिजाले पेटेन्ट जस्ता बौद्धिक सम्पत्ति सृजना गर्ने अवस्थामा त्यो विश्वविद्यालय र अध्ययनकर्ताको हुनेछ र सर्वेक्षणमा सहभागी भएका व्यक्तिहरूको हुनेछैन।

## 14. डाटाको दोस्रो प्रयोगको बारेमा

यो अध्ययनको लागि सङ्कलन गरेको डाटा फरक अध्ययनमा प्रयोग गर्ने अवस्थाहरू हुन सक्छ। भविष्यमा यो अध्ययनमा सहभागी हुने बेला प्राप्त गरेको व्याख्याको उद्देश्य र विषयको दायरालाई नाघेर डाटा प्रयोग गर्ने बेला, नैतिक समीक्षा परिषद्को समीक्षा र स्वीकृति प्राप्त गरेपछि यस विश्वविद्यालयको होमपेज आदिद्वारा जानकारी गराइनेछ।

साथै दोस्रो प्रयोग गर्ने डाटाबाट सबै व्यक्तिगत जानकारी मेटेर पूर्ण रूपमा गुमनामीकरण गरिनेछ। त्यसकारण दोस्रो प्रयोगमा तपाईंको डाटा पहिचान गरी मेटाउन सकिनेछैन।

## 15. जुनसुकै बेला परामर्श काउन्टरमा परामर्श गर्नुहोस्।

यो अध्ययनको बारेमा थाहा पाउन चाहेको कुरा वा चिन्ता लागेको कुरा भएमा, जुनसुकै बेला हामीलाई सम्पर्क गर्नुहोस्।

[परामर्श काउन्टर]

ज्युन्तेन्दो विश्वविद्यालय स्नातकोत्तर चिकित्सा अध्ययन विभाग ग्लोबल हेल्थ रिसर्च ल्याब्रोटरी
〒113-8421 टोक्यो जिल्ला बुन्क्यो सहर होन्गो 2-1-1
फोन: 03-3813-3111
अध्ययन जिम्मेवार व्यक्ति मोतोयुकी युआसा